# आर्थिक बर्ष २०८३/०८४ को
# वजेट बक्तव्य

हतुवागढी गाउँपालिका,

## गाउँ कार्यपालिकाको कार्यालय

घोडेटार, भोजपुर

२०८३

कोशी प्रदेश,, नेपाल

**आदरणीय सभाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु,**

१. हतुवागढी गाउँपालिकाको गाउँसभाको उन्नाईसौं अधिवेशनको पहिलो वैठकमा आ.व. २०८३/८४ को आयव्यय यो सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा हर्सित महसुस गरेको छु।

२. सर्वप्रथम म विभिन्न लोकतान्त्रिक जनआन्दोलनहरुमा नागरिकको अधिकार प्राप्तिका लागि साहदत प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्चली अर्पण गर्न चहान्छु ।

३. आगामी आर्थिक वर्ष २०८३/८४ को वजेट निर्माणका क्रममा २०८३/०३/१० गते गाउँपालिकाका अध्यज्यूबाट सम्मानित गाउँसभामा पेश गर्नुभएको हतुवागढी गाउँपालिकाको २०८३/८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी वजेट व्यवस्था गरेको छु ।

४. वजेट तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौं पञ्चबर्षीय योजना, कोशी प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्यका सूचकहरु, स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था, नेपाल सरकारबाट समय समयमा जारी गरेका आदेश तथा निर्देशनहरु, हतुवागढी गाउँपालिकाको आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमहरुलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु ।

५. बजेट निर्माणको क्रममा सामाजिक सुरक्षा, क्षेत्रगत विकासका क्रियाकलापहरुमा दिगो विकास र जलवायु परिवर्तन, विपद व्यवस्थापन, कृषि विकास कार्यक्रममार्फत खाद्य तथा पोषण सुरक्षा, महिला बालबालिका तथा जेष्ठ नागरिक एवम् शैक्षिक कार्यक्रमहरुमार्फत लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री र वातावरण मैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य, साक्षरता, सरसफाई संगै आर्थिक, सामाजिक तथा पूर्वाधार विकास लगायतका अन्तर सम्बन्धित विषयहरूलाई समेत ध्यान दिएको छु ।

६. वर्तमान अवस्थामा मुलुकको समग्र अर्थतन्त्रमा देखिएको असहज परिस्थितिका कारण चालु आ.व.मा संघीय सरकार र प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदानहुने वित्तीय हस्तान्तरणको परिमाण ८.५५ प्रतिशतले घटी प्राप्त भएको छ । यसले चालु आ.व.मा निर्धारित योजना तथा कार्यक्रम कार्यन्वयन गर्न वित्तीय स्रोतमाथि चाप परेको छ ।

७. आगामी आ.व. मा संघीय सरकारबाट प्राप्त वित्तीय सामानीकरण अनुदानको हिस्सा समेत साविकका बर्षहरुभन्दा केही मात्रामा बढोत्तरी भएतापनि प्राप्त हुने अनुदानले हतुवागढी बासीको विकास प्रतिको तिव्र चाहाना र स्रोत वीच तालमेल मिलाउन अझै चुनौतिपूर्ण देखिएको छ ।

८. यद्यपी समतामुलक समाज र समुन्नत हतुवागढी निर्माणका लागि हामीलाई उपलब्ध सीमित स्रोत र साधनहरुलाई हतुवागढी बासीले आफ्ना प्रतिनिधिहरुमार्फत व्यक्त गर्नुभएको चाहना र माग अनुरुप गाउँपालिकाको प्रथमिकता प्राप्त क्षेत्रहरुमा केन्द्रित हुने गरी बजेट विनियोजनमा जोड दिएको छु।

९. वजेट निर्माणका क्रममा हामीलाई विभिन्न माध्यमबाट राय सल्लाह सुझाव प्रस्तुत गर्नुहुने आदरणीय गाउँबासी आमा बुवा दाजुभाई तथा दिदि वहिनीहरु, निर्वाचित पदाधिकारीहरु, राजनैतिक दलका पदाधिकारीहरु, कर्मचारीबर्ग, सरकारी तथा गैरसरकारी संस्थाका प्रदाधिकारीज्यूहरु, नागरिक समाज, बुद्धिजिवी वर्ग, शिक्षक, पत्रकार लागायतका व्यक्तित्वहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

**आदरणीय सभाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु,**

**१०. अब म आगामी आ.ब. २०८३/०८४ को वजेटको दीर्घकालिन सोच र लक्ष्य प्रस्तुत गर्दछु**

**सोचः**

***"समतामूलक समाज र समुन्नत हतुवागढीः कृषि, उद्यम, पर्यटन पूर्वाधार र प्रविधि"*** मार्फत हतुवागढीबासीको समुन्नती र समृद्धि हासिल गर्ने ।

**लक्ष्यः**

पर्याप्त ग्रामिण भैतिक पूर्वाधार विकास, कृषि उत्पादन र उत्पादकत्व, अभिबृद्धि, शैक्षिक गुणस्तर सुदृढीकरण, पर्यटन प्रवर्द्धन एवं पुर्वाधारको विकास, सामाजिक न्याय सहितको समता मूलक समाजको निर्माण गर्दै समुन्नत हतुवागढी गाउँपालिकाको निर्माण गर्नु रहेको छ ।

११. साधनको सीमित उपलव्धताका कारण योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गर्दै लग्नुपर्ने वाध्यता भएकोले सालबसाली रुपमा आयोजनालाई प्राथमिकताका क्षेत्रहरूको पहिचान गरी सोही अनुरुप कार्यान्वयन गर्दै जानुपर्ने आजको आवश्यकता हो । सोही सिद्धान्त अनुरुप योजना तथा कार्यक्रमहरू छनौट गर्दा देहायका प्राथमिकताहरु तय गरी सोही अनुरुप योजना तथा कार्यक्रम तय गरेको छु ।

<u>प्राथमिकताहरु</u>

(क) गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा, आर्थिक विकासका प्रमुख क्षेत्रहरु कृषि, सडक, पर्यटन, शिक्षा, स्वास्थ्य र खानेपानी लगायका क्षेत्र।

(ख) पूर्वाधारयूक्त, उत्पादनमुखी र बहुसंख्यक नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरू ।

(ग) स्वास्थ्य र शिक्षाको सर्भसुलभता र गुणस्तरीयतामा अभिबृद्धि हुने कार्यक्रमहरू ।

(घ) लक्षित समूदायलाई प्रत्यक्ष फाइदा हुने कार्यक्रमहरू ।

(ङ) आवधिक र गुरुयोजनाले निर्दिष्ट मार्गदर्शन गरेका कार्यक्रमहरु ।

(च) दिगो विकास लक्ष्य हाँसिल गर्न प्रत्यक्ष योगदान पुग्ने योजनाहरु।

(छ) आर्थिक र सामाजिक रुपले पछि परेको विपन्न दलित, जनजाति, सिमान्तकृत, बृद्धबृद्धा, वालवालिका, अपाङ्गता भएका नागरिक, युवा लगायत लक्षित समुदायलाई प्रत्यक्ष लाभहुने योजनाहरु।

(ज) निर्माणाधीन तथा क्रमागत योजनाहरू ।

(झ) संस्थागत सुशासन तथा क्षमता सवलीकरण गर्न सहयोग हुने कार्यक्रमहरु ।

(ञ) सामाजिक न्याय र शसक्तिकरणमा टेवा पुर्याउने योजनाहरु।

(ट) यूवा खेलकुद तथा सशसक्तिकरणका कार्यक्रमहरु।

(ठ) प्राकृतिक स्रोत भुसंरक्षण वातावरण र जलवायु परिवर्तन संग सम्बन्धित कार्यक्रमहरु।

(ड) वडा कार्यालय, स्वास्थ्य चौकी भवन, मुन्दुम पदमार्ग लगायतका पर्यटन पूर्वाधारहरु, १५ शैय्याको अस्पताल निर्माण, महत्वपूर्ण सडकहरु लगायतका भौतिक संरचनाहरुको निर्माण ।

**अब म आगामी आ.ब.को बजेटले लिएका उद्देश्यहरु प्रस्तुत गर्दछु । आगामी आ.ब.को बजेटले निम्नानुसारको उद्देश्यहरु लिएको छ ।**

**<u>उद्देश्यहरु</u>**

(क) आर्थिक विकासका संवाहक कृषि, सहकारी, पशु, पर्यटन, पुर्वाधार लागायतका क्षेत्रको विकास मार्फत नागरिकले अनुभूत गर्ने गरी परिवर्तन गर्ने

(ख) गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य र सम्मानित श्रम तथा रोजगारका माध्यमबाट समृद्ध हतुवागढी निर्माण गर्ने

(ग) सामाजिक समावेशीकरण मार्फत सीमान्तीकरण र वञ्चितीकरणमा परेका लिङ्ग, समुदाय र भाषा तथा संस्कृतिको संरक्षण मार्फत समतामूलक हतुवागढीको निर्माण गर्ने

(घ) हतुवागढी गाउँपालिकाका पर्यटकीय क्षेत्रको पहिचान विकास र प्रवर्द्धन गर्ने ।

(ङ) सबै वडा कार्यालयहरूलाई बाह्रै महिना यातायात चल्न सक्ने गरी सडक संजालको प्रवन्ध गर्ने ।

(च) गाउँपालिका भित्रका बिद्यालयहरुका जिर्ण पुर्वधारलाई नयाँ पूर्वाधारले विस्थापित गर्ने।

(छ) विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सबै सामुदायिक विद्यालयलाई सूचना प्रविधिको प्रयोग मार्फत नियमनको दायरामा ल्याउने

(ज) स्थानीय श्रोत, साधनमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने ।

(झ) गाउँपालिकामा स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न र प्राविधिक क्षमतायुक्त बनाउँदै लैजाने ।

(ञ) सवैलाई स्वच्छ पिउने पानी पु¥याउने अबधारणा अनुरुप सबै वडा टोलवस्तीमा खानेपानी पुग्ने गरी पुर्वाधारको प्रवन्ध गर्ने

(ट) हतुवागढीलाई पूर्ण सरसफाई युक्त गाउँ, बालमैत्री र बातावरण मैत्री गाउँको रुपमा रुपान्तरण गर्ने ।

(ठ) राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद नारालाई सार्थक तुल्याउन गाउँस्तरमा खेलकुद प्रतियोगिताहरुको आयोजना गर्ने खेलमैदानको स्तरोन्नती र विकास गर्ने।

(ड) गाउँपालिकाको संस्थागत सुदृढीकरण र विकास मार्फत सेवा प्रवाहमा सुधार ल्याई सुशासन प्रवर्द्धन गर्ने ।

**आगामी आ.व.को वजेट कार्यान्वयन पश्चात निम्न अपेक्षित उपलब्धीहरु हाँसिल हुने अपेक्षा गरेको छु ।**

(क) भौतिक पूर्वाधारको विकासबाट यातायातको सुविधामा वृद्धि भई नागरिकको जिवनस्तर सहज बन्नेछ ।

(ख) कृषि र पर्यटनको विकासका मार्फत रोजगारीको अवसरमा वृद्धि हुनेछ ।

(ग) आधारभूत स्वास्थ्य सुविधामा नागरिकको पहुँच वृद्धि भएको हुनेछ ।

(घ) शैक्षिक क्षेत्रहरुमा गुणस्तरीय शिक्षाको प्रवर्धन हुनेछ ।

(ङ) विकासका लाभहरुको समन्यायिक बाँडफाँड मार्फत सामाजिक न्यायमा टेवा पुग्नेछ ।

(च) पर्यटकीय गाउँको रुपमा रुपान्तरीत हुनेछ ।

(छ) स्वच्छ खानेपानीको उपलब्धतामा वृद्धि हुनेछ ।

(ज) वालमैत्री र पूर्ण सरसफाईयूक्त गाउँ हुनेछ ।

(झ) आर्थिक र मानवीय गरीबीको न्यूनीकरण हुदै जानेछ ।

(ञ) समग्र खेलक्षेत्रको विकास मार्फत युवाहरुको खेल प्रतिको आकर्षणमा बढोत्तरी हुनेछ ।

(ट) संस्थागत सवलिकरण मार्फत सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि हुनेछ।

**आदरणीय सभाध्यक्ष एवम् गाउँ सभा सदस्यज्यूहरु,**

१२. अब म आगामी आ.व. २०८३/८४ मा यस गाउँपालिकाबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको लागि अनुमान गरिएको आय व्यय संक्षेपमा प्रस्तुत गर्दछु ।

१३. आगामी आ.व. २०८३/८४ मा यस गाउँपालिको आन्तरिक आय राजश्व **रु. ७४ लाख १ हजार** र अल्या **रु. ५करोड ५४ लाख २२ हजार**, नेपाल सरकारवाट प्राप्त वित्तिय समानीकरण **तर्फ ९ करोड १९ लाख**, सशर्त अनुदान **तर्फ रु. २३ करोड २७ लाख**, राजश्व बाँडफाँडबाट **रु. ८ करोड ६२ लाख १३ हजार**, नेपाल सरकार समपुरक अनुदान **रु १करोड ४० लाख** र विशेष अनुदान **रु २ करोड १८ लाख**, त्यसैगरी प्रदेश सरकार मार्फत समानीकरण अनुदान **रु. ८० लाख ६२ हजार**, शसर्त अनुदान **तर्फ रु ८५ लाख १८ हजार**, समपुरक अनुदान रु

**१ करोड ६० लाख** र **राजश्व बाडफाँड बापत रु. ५९ लाख २१ हजार** गरी कुल ५४ **करोड ७९ लाख ३८ हजार ५ सय ६० रुपैया** प्राप्त हुने आय प्रक्षेपण गरिएको छ।

१४.चालु आ.ब. २०८२/०८३ को जेष्ठ मसान्तसम्म आन्तरिक आय रु. **३० लाख ६ हजार**, नेपाल सरकारबाट समानीकरण अनुदान तर्फ **रु. ६ करोड ३५ लाख २७ हजार**, शसर्त अनुदान **रु २० करोड ६८ लाख ९ हजार**, बिशेष अनुदान **रु ८१ लाख ९३ हजार**, समपुरक अनुदान **रु २० लाख ८८ हजार**, राजश्व बाँडफाँडबाट **रु. ७ करोड ४९ लाख २३ हजार** तथा प्रदेश सरकारबाट समानिकरण अनुदान **रु. ६० लाख २२ हजार**, **शसर्त अनुदान रु. ६७ लाख ६५ हजार**, समपुरक अनुदान **रु. ४२ लाख ६४ हजार** र गत आ.ब.को मौज्दात **रु. ४ करोड १९ लाख ३८ हजार** गरी जम्मा **रु. ४१ करोड ७५ लाख ३९ हजार** रकम यथार्थ आम्दानी रहेको छ।

१५. चालु आ.ब. २०८२/८३ मा खर्चतर्फ (शसर्त सहित) **रु. ४८ करोड ८९ लाख ८० हजार** मध्ये चालु खर्च **रु. ३३ करोड ४२ लाख ६२ हजार** र पुजिगत खर्च **रु. १५ करोड ४७ लाख १८ हजार** अनुमान गरिएकोमा चालु आ.ब. २०८२/०८३ को जेष्ठ मसान्तसम्म चालु **रु. २१ करोड ३९ लाख ७ हजार** र पुजिगत **रु. ४ करोड ५९ लाख २२ हजार** जम्मा रु. **२५ करोड ९८ लाख ३० हजार** खर्च भएको देखिन्छ।

१६. यस गाउँपालिकाको खर्च प्रगति हाल सम्म चालु खर्च तर्फ **६३.०९ प्रतिशत र** पूँजिगत खर्च तर्फ **२९.६८** प्रतिशत गरी समग्रमा **५४ प्रतिशत** खर्च भएको छ।

**सभाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु**

१७. अव म आगामी आ.व.को वजेटमा क्षेत्रगत/शाखागत बजेट विनियोजन विवरण प्रस्तुत गर्दछु।

**कृषि विकास तर्फ,**

१८. निर्वाहमुखी कृषि प्रणालिलाई व्यवसायीकरण गर्न प्रमुख उत्पादन सामाग्री, रोग नियन्त्रक विषादी, विउविजन एवम् यन्त्र उपकरण आदी कृषि फर्म, कृषक समूह तथा कृषकहरुको लागत साझेदारीमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१९. प्रदेश सरकार, वडा र गाउँपालिका साथै समुदायको लगानीमा अदुवा ब्लक भवनमा प्रशोधन केन्द्र स्थापनाका लागि **रु. ७ लाख पचास हजार** विनियोजन गरेको छु।

२०. ५० प्रतिशत अनुदानमा ९ वटै वडामा पर्ने गरी हल गोरु वितरणका लागि **रु. ५ लाख** बिनियोजन गरेको छु।

२१. ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर वितरण कार्यक्रमका लागि **रु. ६ लाख** बिनियोजन गरेको छु।

२२. मौरी पालन प्रवर्द्धन कार्यक्रमका लागि **रु. ४ लाख** विनियोजन गरेको छु।

२३. आकस्मिक बाली संरक्षण कार्यक्रम तर्फ ४ लाख ५० हजार विनियोजन गरेको छु।

२४. उत्कृष्ट कृषक सम्मान कार्यक्रम सहित कृषि क्षेत्रको समग्र विकासको लागि कुल **रु. ४८ लाख बजेट** विनियोजन गरेको छु।

**पशु विकास तर्फ,**

२५. दुध उत्पादनका लागि ५० प्रतिशत अनुदानमा (गाई/भैसी) पशुपालन कार्यक्रमका लागि **रु.७ लाख ५० हजार** बजेट विनियोजन गरेको छु।

२६. पशुरोग, विभिन्न महामारी, घातक रोग नियन्त्रण, रेविज रोग नियन्त्रणको लागि खोप कार्यक्रम सञ्चालन गर्न अति आवश्यक पर्ने भ्याक्सिन तथा औषधी खरिद गर्नका **रु.६ लाख** बजेट विनियोजन गरेको छु।

२७. ७५ प्रतिशत अनुदानमा भेडा प्रवर्द्धन कार्यक्रमका लागि **रु.३ लाख** बजेट विनियोजन गरेको छु।

२८. लोकल कुखुरा प्रवर्द्धन कार्यक्रम, व्यवसायिक बाख्रापालन प्रवर्द्धन कार्यक्रम , कृतिम गर्भाधान कार्यक्रम र मागमा आधारित पशुपंक्षी सम्बन्धी कृषक तालिम लगायत समग्र पशुपंक्षी क्षेत्रको विकासको लागि कुल **रु. ३३ लाख** विनियोजन गरेको छु ।

**स्वास्थ्य तर्फ,**

२९. निःशुल्क रुपमा उपलब्ध गराउनुपर्ने औषधिहरुको निरन्तर आपुर्ति गर्नको लागि २० लाख बजेट विनियोजन गरेको छु ।

३०. ग्रामिण भिडियो एक्स रे कार्यक्रम संचालनका लागि मेसिन खरिद कार्यक्रमका लागि रु ८ लाख विनियोजन गरेको छु ।

३१. प्राथामिक स्वास्थ्य केन्द्र घोडेटारमा फार्मेसी संचालनका लागी बिउपूँजीको रुपमा ३ लाख विनियोजन गरेको छु ।

३२. प्राथामिक स्वास्थ्य केन्द्र घोडेटारमा ल्याब र एक्स रे सेवा संचालनका लागि १२ लाख विनियोजन गरेको छु ।

३३. स्वास्थ्य संस्थाहरुको बैठक व्यवस्थापनका लागि खाजा खर्च वापत ३ लाख विनियोजन गरेको छु ।

३४. स्वास्थ्य क्षेत्रमा नागरिकको सहज पहुँच विस्तारका लागि प्रत्येक स्वास्थ्य केन्द्रबाट घुम्ति सेवा/गाउँघर क्लिनिकको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

३५. सुत्केरी पोषण खर्च कार्यक्रमका लागि **रु. २ लाख ४० हजार** वजेट विनियोजन गरेको छु।

३६. प्रजनन रुग्णतासँग सम्बन्धित महिलाहरुको सर्वेक्षण उपचार,यातायात खर्च तथा व्यवस्थापन खर्चका लागि **रु. १ लाख ५० हजार** वजेट विनियोजन गरेको छु।

३७. महिला स्वास्थ्य स्वयमसेविका यातायात खर्च व्यवस्थापनका लागि **रु. १४ लाख २५ हजार** बजेट विनियोजन गरेको छु।

३८. समग्रमा स्वास्थ्य क्षेत्रको विकासको लागि **रु. ७९ लाख २० हजार ६ सय** विनियोजन गरेको छु।

३९. ४ वटा स्वास्थ्य चौकीहरुको निर्माण कार्यको थालनी गर्न **७० लाख** बजेट विनियोजन गरेको छु ।

**शिक्षा तर्फ**

४०. बालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुका लागि स्थानीय तहबाट थप हुने गरी **रु १ करोड १७ लाख ७० हजार रुपैयाँ** विनियोजन गरेको छु।

४१. शिक्षकहरुको मागमा आधारित रही शिक्षक/विद्यालय कर्मचारी/बाल विकास सहजकर्ताहरुको पेशागत विकास, क्षमता विकास तालिम तथा कार्यशाला सञ्चालनका लागि **रु ९ लाख ४५ हजार** विनियोजन गरेको छु ।

४२. स्थानीय भाषा, कला, संस्कृती, सिप तथा विषयवस्तुमा आधारित भई निर्माण गरीएको स्थानीय पाठ्यक्रमका आधारमा सहजीकरण निर्देशिका निर्माण गरी कक्षा १ देखि कक्षा ८ सम्म लागू गर्नको लागि **रु ५ लाख** विनियोजन गरेको छु ।

४३. विद्यार्थी संख्याका आधारमा कक्षा १-५ मात्र सञ्चालित विद्यालयलाई अतिरिक्त क्रियाकलाप सञ्चालन सहायताका लागि **रु ४ लाख ६० हजार** विनियोजन गरेको छु ।

४४. विद्यालयको आन्तरिक व्यवस्थापन र शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न प्रभावकारि अनुगमन नियमनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४५. विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमका लागि **रु. ३ लाख ५० हजार** विनियोजन गरेको छु ।

४६. वान्तवा भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयारी, छपाई र वितरणका लागि **रु २ लाख ५० हजार** विनियोजन गरेको छु।

४७. साहारा बिहीन बालबालिकाकाः छहारी बन्छ गाउँपालिका (अध्ययन सामग्री सहायता कार्यक्रम) कार्यक्रममा **१ लाख ५० हजार** विनियोजन गरेको छु ।

४८. विद्यालयमा ल्यापटप, स्मार्ट बोर्ड तथा प्रिन्टर जडान तथा मर्मत सहयोग र विद्यालयमा इ-हाजरी जडान कार्यक्रमका लागि **रु १० लाख** बजेट विनियोजन गरेको छु ।

४९. समग्रमा शिक्षा तर्फ कुल **रु १ करोड ९२ लाख** बजेट विनियोजन गरेको छु ।

**भवन तथा भौतिक पूर्वाधार निर्माण तर्फ,**

५०. वडा नं. ८ को वडा कार्यालय भवन निर्माणका लागि **रु ५० लाख** विनियोजन गरेको छु ।

५१. वडा नं. ३ र ९ को वडा कार्यालय भवन निर्माण(क्रमागत)का लागि **रु १ करोड ४० लाख** विनियोजन गरेको छु।

५२. अन्तरपालिका साझेदारीमा सहिद जमिन (मिशाम शिवाहाङ राई)को स्मृतीमा पूर्णकदको शालिक स्थापना का लागि **रु १० लाख** विनियोजन गरेको छु।

५३. फुसको छाना हटाउन जस्तापाता वितरण कार्यक्रमका लागि **रु ५० लाख** विनियोजन गरेको छु।

५४. वडा नं ६ र ४ को स्वास्थ्य चौकी भवन निर्माणका लागि **रु ५० लाख** विनियोजन गरेको छु साथै वडा नं ५ र ७ को स्वास्थ्य चौकी भवन निर्माण साझेदारीका लागि **२० लाख** बजेट विनियोजन गरेको छु ।

५५. भविष्यवक्ता पोखरामा संरचना निर्माणका लागि **१० लाख** बजेट विनियोजन गरेको छु ।

५६. प्रगती टोल देखि जिल्ला सडक जोड्ने सडक ढलानका लागि **५ लाख** बजेट विनियोजन गरेको छु ।

५७. बारीगाउँ कोल्टार सडक निर्माणका लागि **५ लाख** बजेट विनियोजन गरेको छु ।

५८. सोया-लुङथुङ-पिप्ले सडक स्तरोन्नती (प्रदेश समपूरक)का लागि **४० लाख** बजेट विनियोजन गरेको छु ।

५९. १५ बेड आधारभूत अस्पतालको निर्माणमा थप दायित्व का लागि **६१ लाख** बजेट विनियोजन गरेको छु ।

६०. घोडेटार लुङ्गिन सडक (संघ समपूरक) का लागि **२० लाख** बजेट विनियोजन गरेको छु ।

६१. साझेदरीमा चिस्यान केन्द्र स्थापना (संघ सशर्त साझेदारी) का लागि **४० लाख** बजेट विनियोजन गरेको छु ।

६२. पिखुवा खोला गुर्धुम हतुवागढी -५ गुर्धुम देखि बाहविसे पौवादुंमा गा.पा. जोड्ने झोलुङ्गे पुल का लागि **८ लाख** बजेट विनियोजन गरेको छु ।

६३. जग्गा प्राप्ति तथा मुआव्जा वितरण का लागि **२० लाख** बजेट विनियोजन गरेको छु ।

६४. साकेन्वा खेलमैदानमा निर्माण (मञ्च,घेराबारा, ट्रस भवन तथा स्टोर) का लागि **१० लाख** बजेट विनियोजन गरेको छु ।

६५. हलेदे भलिवल खेलमैदान प्यारािफट तथा मंच निर्माण का लागि **४ लाख** बजेट विनियोजन गरेको छु ।

६६. बारीगाउँ कोल्टार सडक निर्माण का लागि **५ लाख** बजेट विनियोजन गरेको छु ।

६७. सल्ले - आहाले - लुंगिन सडक स्तरोन्नती का लागि **४ लाख** बजेट विनियोजन गरेको छु ।

**पर्यटन तर्फ**

६८. मुन्दुम पदमार्गमा आधारित पर्यटन विकास परियोजना साझेदारीका लागि **रु ४६ लाख ३ हजार** विनियोजन गरेको छु।

६९. अधुरो तोसिखोम देखि जोरआहाल पदमार्ग निर्माणका लागि **रु ७ लाख** विनियोजन गरेको छु।

७०. हतुवागढी दायाँपट्टीको पदमार्ग निर्माणका लागि **रु ३ लाख** विनियोजन गरेको छु।

७१. घोडेटार - चुवार र घोडेटार - सुनवालुवा सडक खण्ड आसपास फलफूल तथा वृक्षरोपण सहित सौंन्दर्यकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम का लागि **रु ५ लाख** विनियोजन गरेको छु।

**युवा तथा खेलकुद तर्फ**

७२. खेलकुद विकास कार्यक्रम तथा प्रोत्साहन/पुरस्कारका लागि **रु १४ लाख** विनियोजन गरेको छ।

७३. योग अभ्यास प्रशिक्षण कार्यक्रम लागि **रु २ लाख** विनियोजन गरेको छ।

**सुचना प्रविधि तर्फ,**

७४. गाउँपालिकाको इन्टरनेट तथा नेटवर्क व्यवस्थापन, व्याकअप व्यवस्थापन तथा सर्भर जडान लगायतका कार्यका लागि सुचना प्रविधि तर्फ **रु.२४ लाख ५० हजार** रुपैया विनियोजन गरेको छ ।

**महिला, वालवालिका तथा जेष्ठ नागरिक तर्फ,**

७५. महिला सशक्तीकरणका लागि सीपमूलक कार्यक्रमका लागि **रु.३ लाख** रुपैया विनियोजन गरेको छ ।

७६. बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम लागि **रु.७ लाख** रुपैया विनियोजन गरेको छ ।

७७. बालबालिका प्रोफाईल निर्माण लागि **रु.७ लाख** रुपैया विनियोजन गरेको छ ।

७८. लागुऔषध प्रयोगमा न्युनीकरण सम्वन्धी सचेतना, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम लगायतका लागि महिला, वालवालिका तथा जेष्ठ नागरिक तर्फ कुल **रु २३ लाख ५० हजार** बजेट विनियोजन गरेको छ ।

७९. ज्येष्ठ नागरिक सम्मान कार्यक्रमका लागि **रु २ लाख** विनियोजन गरेको छ।

**न्यायिक समिति तर्फ**

८०. हतुवागढी गाउँपालिकाभित्र हुने विभिन्न प्रकारका समस्या तथा मुद्धाहरुको न्यायिक निरुपण, न्यायिक समिति सचिवालय व्यवस्थापन एवं क्षमता विकास तथा न्यायिक सचेतनाको कार्यक्रमहरुको लागि न्यायिक समिति तर्फ कुल **रु.७ लाख** बजेट विनियोजन गरेको छ ।

**राजश्व, टोल विकास तथा सहकारी/संघ संस्था तर्फ,**

८१. राजश्व अभिवृद्धि सम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन का लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छ।

८२. संस्था दर्ता, नविकरण, व्यवसायिक/व्याक्तिगत पान निर्माण/वितरण तथा सहकारी सम्बन्धि परामर्श सेवा/अभिमुखिकरण घुम्ति शिविर सञ्चालन सहित राजश्व, टोल विकास तथा सहकारी/संघ संस्था तर्फ कुल **रु.११ लाख** बजेट विनियोजन गरेको छ।

**प्रधानमन्त्री रोजगार तर्फ,**

८३. स्वरोजगार प्रवर्द्धन लगायतका कार्यक्रमका लागि कुल **रु.१३ लाख२२ हजार** बजेट विनियोजन गरेको छ ।

**पञ्जिकरण तर्फ,**

८४. सम्पुर्ण वडामा सामाजिक सुरक्षा भत्ता वितरण सहजिकरण कार्यक्रम, वडामा घटना दर्ता सम्बन्धी सचेतना कार्यक्रम सहित पञ्जिकरण शाखा तर्फ कुल **रु.६ लाख** बजेट विनियोजन गरेको छ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ**

८५. प्रत्येक वडामा योजना तथा कार्यक्रम सन्चालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम, सार्वजनिक सुनुवाई, जनप्रतिनिधि तथा कर्मचारीहरुलाई मागमा आधारित तालिम लगायतका कार्यक्रम सञ्चालनका लागि कुल **रु.२० लाख** बजेट विनियोजन गरेको छ ।

**नागरिक आरोग्य सेवा केन्द्र तर्फ**

८६. नागरिकको स्वास्थ्यमा दिर्घाकालिन सुधार दैनिक जिवनशैलीमा परिवर्तन र बढ्दो दिर्घरोगलाई न्युनिकरण गर्नका लागि वैकल्पिक एवं आयुर्वेदिक उपचार पद्धतिलाई प्रोत्सान गर्न गाउँपालिकामा नागरिक आरोग्य केन्द्र सञ्चालनको लागि **रु.५ लाख** बजेट विनियोजन गरेको छ ।

८७. **वातावरण तथा विपद व्यवस्थापन तर्फ रु. १५ लाख बजेट विनियोजन गरेको छ ।**

८८. **खानेपानी तथा सरसफाईका लागि रु. ७ लाख बजेट विनियोजन गरेको छ ।**

**आदरणिय सभाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु,**

अब म आगामी आ.व. को वजेटमा वडागत बजेट विनियोजन विवरण प्रस्तुत गर्दछु ।

हतुवागढी गाउँपालिकाका ९ वटै वडाको समग्र विकासका लागि **रु.२ करोड ९५ लाख ६५ हजार** बजेट विनियोजन गरेको छु। जसमा,

१. वडा नं १ को लागि **रु.३४ लाख** बजेट विनियोजन गरेको छु ।
२. वडा नं २ को लागि **रु.३० लाख ६५ हजार** बजेट विनियोजन गरेको छु ।
३. वडा नं ३ को लागि **रु. ३१ लाख** बजेट विनियोजन गरेको छु ।
४. वडा नं ४ को लागि **रु. ३४ लाख** विनियोजन गरेको छु ।
५. वडा नं ५ को लागि **रु. ३४ लाख** बजेट विनियोजन गरेको छु ।
६. वडा नं ६ को लागि **रु. ३५ लाख** बजेट विनियोजन गरेको छु ।
७. वडा नं ७ को लागि **रु. ३२ लाख** बजेट विनियोजन गरेको छु ।
८. वडा नं ८ को लागि **रु. ३१ लाख** बजेट विनियोजन गरेको छु ।
९. वडा नं ९ को लागि **रु. ३४ लाख** बजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ मा यस गाउँपालिकालाई प्राप्त स्रोतको व्यय बाँडफाँड बारेमा संक्षिप्त रुपमा प्रस्तुत गर्दछु।

८८. आगामी आ.व. को व्ययतर्फ निम्नानुसार हुने प्रक्षेपण गरेको छु । आगामी आ.व. को व्ययतर्फ चालू खर्च **रु. ३६ करोड १० लाख ५५ हजार ५ सय ६० रुपैया** र पूँजिगत खर्च **रु. १८ करोड ६८ लाख ८३ हजार** गरी कुल **५४ करोड ७९ लाख ३८ हजार ५ सय ६० रुपैया** हुने अनुमान गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु,**

**८९.** गाउँपालिका क्षेत्रको विकासका लागि भएको खर्चको प्रगति भन्दा पनि विकासले आम नागरिकको जनजीविकामा कति सकारात्मक प्रभाव पर्यो भन्ने विषय महत्वपूर्ण हुन्छ ।त्यतिकै महत्वपूर्ण विकासबाट प्राप्त लाभ हरुको समन्यायिक ढंगले वितरण मार्फत सामाजिक न्याय कायम गर्नु हुन्छ।यस गाउँपालिकाको दीर्घकालिन सोच ***"समतामूलक समाज र समुन्नत हतुवागढी: कृषि, उद्यम, पर्यटन पूर्वाधार र प्रविधि"*** लाई आत्मसाथ गर्दै समुन्नत हतुवागढी बनाउने स्थानीय

सरकारको अभियानमा सबै राजनैतिक दल नागरिक समाज, निजि क्षेत्र पेशागत संस्थाका महानुभावहरू, शिक्षक, पत्रकार लगायत सबै गाउँबासीमा सहकार्य र सहयोगको अपिल गर्दछु।

**अन्त्यमा,**

**गाउँसभाको उन्नाइसौं अधिवेशनको पहिलो वैठकको** यस विशेष अवसरमा गाउँसभाका सदस्यज्यूहरू, राजनैतिक दलका पदाधिकारीहरू, राष्ट्रसेवक कर्मचारीवर्ग सञ्चारकर्मी, विभिन्न पेशा क्षेत्र र समुदायको प्रतिनिधित्व गर्नु हुने महिला तथा सज्जन बृन्दमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**

**ईति सम्वत २०८३ अषाढ १०**